म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३१३ मंगलबार, १० असार २०८२ ने. सं. ११४५ तछलागा 24 June 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## १ सय ४६ किलो गाँजा नष्ट

हेटौंडा, ९ असार/ईलाका प्रहरी कार्यालय पालुङ्ले बिभिन्न समयमा बरामद गरिएको करिब १४६ किलो गाँजा नष्ट गरेको छ । बरामद गरिएको गाँजा सोमबार पालुङस्थित खोला किनारामा जलाएर नष्ट गरिएको प्रहरीले जनाएको छ । प्रहरीले जानकारी दिएअनुसार गाँजा बिभिन्न स्थान र समयमा बरामद गरिएको हो । नष्ट गर्ने कार्य विभिन्न व्यक्ति, सञ्चारकर्मी तथा ३ न वडाध्यक्षको रोहवरमा सम्पन्न गरिएको थियो । इलाका प्रहरी कार्यालय पालुङबाट खटिएको टोलीले १६ जेठ राति १:३० बजे डाँडाबासबाट काठमाडौंतर्फ जँदै गरेको बा.५.च. ४४११ नम्बरको टाटा सुमो गाडीलाई थानाबजार नजिकै रोकी जाँच गर्दा गाडी भित्र लुकाई छिपाई ल्याइएको अवस्थामा १४६ किलो लागू औषध (गाँजा) फेला पारेको थियो । प्रहरीले गाडीका चालक गोरखा पालुङटार नगर पालिका-१० मिरकोट स्थायी घरभई काठमाडौं कालिमाटी बसोबास गर्ने २८ वर्षीय मधुसूदन अधिकारी र सुमोमा सवार सिन्धुली दुधौली नगर पालिका-८ खोरभञ्ज्याङ स्थायी घरभई काठमाडौं डल्लु बसोबास गर्ने २५ वर्षीय नवराज खड्कालाई पक्राउ गरेको थियो ।

# जनता माविलाई बहुमुखी क्याम्पस, बकैयामा आवासीय विद्यालय

साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/पूर्वी मकवानपुरको बागमती गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटको आकार बढाएको छ ।

गाउँपालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सहित ८३ करोड ७२ लाख ६७ हजार रुपैयाँको अनुमानित बजेट सार्वजनिक गरेको छ । गाउँपालिकाको दोस्रो गाउँसभाको सातौं अधिवेशनमा अध्यक्ष सर्केस घलानले नीति तथा कार्यक्रम र उपाध्यक्ष फणिन्द्रकुमार तिमल्सिनाले चालू आर्थिक वर्षको भन्दा १२ करोडले बढी बजेट प्रस्तुत गरेका हुन् । गाउँपालिकाले चालू आर्थिक वर्षको लागि ७१ करोड ६८ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो ।

आर्थिक वर्ष ०८२/८३ मा नीति तथा कार्यक्रम कार्यान्वयनका लागि प्रस्तुत बजेटमा आन्तरिक स्रोतबाट ९ करोड ८ लाख २५ हजार रुपैयाँ, राजस्व बाँडफाँटबाट २२ करोड ५९ लाख, ३१ हजार ६७४ रुपैयाँ, प्रदेश सरकारबाट ५ करोड ९९ लाख ११ हजार रुपैयाँ र संघीय सरकारबाट ४६ करोड ६ लाख रुपैयाँ व्यहोरिने उल्लेख गरिएको छ । गाउँसभामा बजेट प्रस्तुत गर्दै गाउँपालिका उपाध्यक्ष तिमल्सिनाले आगामी आर्थिक वर्षमा सामाजिक विकास क्षेत्रमा कुल बजेटको आधा बजेट विनियोजन गरिएको बताए ।

उनका अनुसार सामाजिक क्षेत्रका विभिन्न कार्यक्रमका लागि सबैभन्दा बढी ४२ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । उपाध्यक्ष तिमल्सिनाले गाउँपालिकाको महत्वपूर्ण खानेपानी आयोजनाको रुपमा रहेको गुन्द्रुकखोला खानेपानी आयोजनाको लागि संघीय विशेष अनुदानतर्फ २ करोड २० लाख, आठौं बागमती राष्ट्रिय गोल्डकप फुटबल प्रतियोगिताको लागि ५० लाख बजेट प्रस्ताव गरेका छन् । यसैगरी, राईगाउँ क्यान्टिन सडक र कुटीभकारी-गुर्दुम सडकको लागि प्रदेश समपूरक अनुदानअन्तर्गत ३ करोड ८५ लाख बजेट प्रस्ताव गरिएको छ ।

स्थानीय ग्रामीण सडक तथा झोलुङ्गे पुल कार्यक्रमअन्तर्गत् गाउँपालिकाको महत्वपूर्ण सडक योजना, स्थानीय ग्रामीण सडक तथा झोलुङ्गे पुल निर्माणसमेतका आयोजनाको लागि ४ करोड ५८ लाख ५० हजार बजेट प्रस्ताव गरिएको छ । गाउँपालिकाको स्थानीय स्रोतसाधनको प्रयोग गरी आन्तरिक आयमा बढोत्तरी गर्नका लागि आगामी आर्थिक वर्ष ०८२/८३ मा आफैंले क्रसर उद्योग स्थापना गर्ने तयारी गरेको उपाध्यक्ष तिमल्सिनाले बताए । क्रसर उद्योग स्थापनाका लागि ५ करोड ७५ लाख बजेट प्रस्ताव गरिएको गाउँसभामा उपाध्यक्ष तिमल्सिनाले जानकारी दिए ।

पूर्वाधार विकासका लागि १७ करोड, कार्यालय सञ्चालन तथा प्रशासनिक कार्यका लागि १२ करोड २६ लाख, वातावरण तथा विपत् व्यवस्थापनका लागि १ करोड १६ लाख, आर्थिक विकासका लागि ५ करोड ४३ लाख र सुशासन तथा संस्थागत विकासका लागि ४ करोड ५४ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । गाउँसभामा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गाउँपालिका अध्यक्ष घलानले ८ नम्बर वडामा रहेको जनता माविलाई बहुमुखी क्याम्पसकारुपमा सञ्चालन गर्ने योजना अघि सारेका छन् ।



प्रत्येक वडा कार्यलयबाट सामाजिक सुरक्षाभत्ता वितरण गर्ने र एकल पुरुषलाई सामाजिक सुरक्षा भत्ताको व्यवस्था गर्ने नीति लिएको अध्यक्ष घलानले जानकारी दिए । उनका अनुसार गाउँपालिकाबासी जनप्रतिनिधि र सरकारी कर्मचारीले आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा अनिवार्य भर्ना गर्नुपर्ने नीति पनि पालिकाले ल्याएको छ । यदि भर्ना नगरेमा तलब र सेवासुविधाबाट १० प्रतिशत शैक्षिक कर तिर्नुपर्ने उनले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा प्रस्तुत गरेका छन् ।

आगामी आर्थिक वर्षमा पालिकाले नै क्रसर उद्योग स्थापना गरेर सञ्चालन गर्नका लागि बजेट विनियोजन गरिएको छ । पालिकाले प्रस्तुत गरेको नीति, कार्यक्रम र वजेट असार २८ गते पारित गर्ने योजना रहेका गाउँपालिकाले जनाएको छ ।

### आवासीय विद्यालय बनाउन स्थानीयको माग

मकवानपुरको बकैया गाउँपालिकामा आवासीय विद्यालयको आवश्यकता रहेको भन्दै स्थानीयले आवासीय विद्यालयको माग गरेका छन् । सोमबार बकैयामा भएको आगामी आ.व २०८२/८३ को नीति तथा कार्यक्रममा सुझाव संकलन एवम् अन्तरक्रियामा बकैयाका स्थानीयले यस्तो माग राखेका हुन् ।

आगामी आवको नीति तथा कार्यक्रम र बजेट निर्माणको पूर्वसन्ध्यामा पालिकाले सुझाव संकलन एवम् अन्तरक्रिया गरेको हो । कार्यक्रममा स्थनीयले गाउँमा विद्यालय जाने अभिभावकविहीन विद्यार्थीको संख्या बढ्दै गएकोले उनीहरुलाई लक्षित गरी स्थानीय सरकारले आगामी आर्थिक वर्षको बजेट निर्माण गर्न आवश्यक रहेको औंल्याएका थिए । यस्तै, विद्यालयको अध्ययनपश्चात् पलायन हुने विद्यार्थी रोक्न स्थानीय सरकारले चासो दिन जरुरी रहेको स्थानीयको माग छ ।

छलफलको क्रममा तर कारी, फलफूल र मुख्य आम्दानीको दिगोपनाको लागि विशेष पहल गर्नुपर्ने, भौतिक पूर्वाधारक्षेत्रमा एक स्थानीय तहबाट अर्को स्थानीय तहमा पुग्ने वा अर्को जिल्लामा जोड्ने सडक व्यवस्थित बनाउन पालिकाले बजेट विनियोजन गर्नुपर्ने, नदी, खोलानाला नियन्त्रणको लागि गुरुयोजना निर्माण, धार्मिक पर्यटकीयक्षेत्रको पहिचान र प्रवर्द्धन गरी आन्तरिक राजश्व वृद्धि, विगतका योजनालाई अध्ययन गरी आगामी आर्थिक वर्षमा आवश्यक योजना छनोट गर्नुपर्ने, सामाजिक संघसंस्थासँगको समन्वय र सहकार्यमा एकीकृत सामाजिक सुधारको कार्यक्रम समावेश हुनुपर्ने र विपद व्यवस्थापनको लागि पूर्वतयारीको लागि संघ, प्रदेश र स्थानीय तहको एकद्वारप्रणाली हुनुपर्ने स्थानीयको माग रहेको छ ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले गाउँपालिकाको मात्र स्रोतमा आवासीय विद्यालय सञ्चालन गर्न सम्भव नरहेको भन्दै प्रदेश र संघीय सरकारसँग समन्वय र सहकार्य गरिने बताएका छन् । बकैया गाउँपालिकाको सहकार्य र अन्य संस्थाको सहयोगमा बकैया-५ अवस्थित गितावर आधार भूत विद्यालयमा आवासीय विद्यालय सञ्चालनमा ल्याएको तर, सञ्चालनमा समस्या आएको उनले बताए । अध्यक्ष लामिछानेले प्रदेश सरकारले स्थानीय सरकारले जति पनि काम गर्न नसकेको भन्दै स्थानीय सरकारले नै उत्पादनसँग नागरिकलाई जोड्ने गरी कार्यगर्दै आएको बताए ।

विगतका दिनमा योजना धेरै राखेर बजेट निर्माण गर्ने तर, कार्यान्वयन आधा काममात्र हुने गरेको भन्दै यो समस्या समाधानको लागि अति आवश्यक विकासे बजेट निर्माण गर्नुपर्नेमा अध्यक्ष लामिछानेको जोड छ । पालिकाले बजेट निर्माण गर्दा उत्पादनको क्षेत्रमा लगानी गर्दै अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्दै आवश्यकताको आधारमा हरेक वडामा बजेट विनियोजन गर्ने जनाएका छन् ।

# हेटौंडा उपमहानगर पूर्णखोप सुनिश्चित घोषणा हुँदै

साझाकुरा संवाददाता




हेटौंडा, ९ असार/ हेटौंडा उपमहानगरपालिकालाई पूर्णखोप सुनिश्चित पालिका घोषणा गर्ने तयारी गरिएको छ । उपमहानगरलाई यही असार ११ गते पूर्णखोप सुनिश्चित पालिका घोषणा गरिने भएको हो ।

यससँगै मकवानपुरलाई पूर्णखोप सुनिश्चित जिल्ला घोषणा गर्ने तयारी पूरा हुनेछ । यसअघि जिल्लाको ९ वटा पालिका पूर्णखोप सुनिश्चित पालिका घोषणा भइसकेका छन् । भीमफेदी गाउँपालिका जेठ २६ गते, बकैया गाउँपालिका जेठ २८ गते, बागमती गाउँपालिका जेठ २९ गते, कैलाश गाउँपालिका जेठ ३० गते, थाहा नगरपालिका र गढी गाउँपालिका असार ३ गते, इन्द्रसरोवर गाउँपालिका र राक्सिराङ गाउँपालिका असार ४ गते तथा मनहरी गाउँपालिका असार ५ गते पूर्णखोप सुनिश्चितता पालिका घोषणा गरियो ।

मकवानपुरलाई पूर्णखोप सुनिश्चित जिल्ला घोषणाका लागि जिल्ला खोप समन्वय समितिबाट प्रदेशको खोप समन्वय समितिलाई प्रमाणीकरणका लागि सिफारिस गर ेको जनस्वास्थ्य कार्यालय मकवानपुर का, जनस्वास्थ्य निरीक्षक बासुदेव रिमालले जानकारी दिए । प्रमाणीकरण भएपश्चात् जिल्ला पूर्णखोप सुनिश्चित भई दिगोपना योजनाका लागि तयारी गरिने उनको भनाई छ । नेपालको संविधानको धारा ३५ र स्थानीय सरकार संञ्चालन ऐन, ०७४ ले नै प्रत्यक बालबालिकालाई पूर्णखोप पाउनै पर्ने कानुनी ब्यवस्था गरेको र विश्व स्वास्थ्य संगठनको प्रावधानअनुसार पनि वर्षेनि पूर्णखोप सुनिश्चिता र दिगोपना घोषणा गर्ने गरिएको हो ।

स्थानीय सरकार संचालन ऐन, ०७४ को परिच्छेद ३ मा गाउँपालिका/नगरपालिकाको काम, कर्तब्य र अधिकार तथा वडा समितिको काम, कर्तब्य र अधिकार भित्र आधारभूत स्वास्थ्य सेवाअर्न्तगत खोप सेवा संञ्चालनको ब्यवस्था गरेको छ । बालबालिकामा विभिन्न सरुवा रोगबिरुद्ध खोप लगाइदै आएको छ । क्षयरोग, भ्यागुते रोग, लहरेखोकी, धनुष्टंकार, हेपाटाइटिस बि, हेमोफिलस इन्फ्लुएन्जा बी, पोलियो, दादुरा, रुबेला, न्यूमोनिया, मेनिन्जाईटिस, जापानि इन्सेफलाइटिस, टाइफाइड, रोटा भाइरसबाट हुने झाडापखाला बिरुद्ध खोप उपलब्ध गराउदै आइएको हो । नेपालमा २०६९ पुस १४ गते अछाम जिल्लाको भागेश्वर गाउँविकास समितिबाट पूर्णखोप घोषणागरी सुरु गरिएको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# हाईकिङ र ट्रेकिङ कल्चरको विकास

पछिल्लो समय शनिबार वा सार्वजनिक बिदाको दिन हाइकिङ वा ट्रेकिङ जानेक्रम बढ्दै गएको छ । एकपटक हाइक वा ट्रक गएपछि पुन: त्यही ठाउँमा जाने चाहना कमैको हुने गर्दछ । नयाँ नयाँ गन्तब्यको खोजी गर्नेहरुको संख्या पनि बढ्दो छ । दुईदसक अघिसम्म नेपालीले पनि ट्रेकिङ गर्छन् र ? भन्ने प्रश्न उठाइन्थ्यो । ट्रेकिङ केवल पश्चिमा मुलुकका नागरिकका लागि मात्र हो भन्ने मान्यता हिजोआज पूरै परिवर्तन भएको छ । काठमाडौंबासीले बिस्तारै पदयात्राको माहोल बनाउँन थालेपछि यसको प्रभाव मोफसलमा पनि पर्दै गयो । हिजोआज नयाँ गन्तब्यको खोजी गर्ने र पदयात्रा गर्ने मानिसको संख्या उल्लेख्य रुपमा बढेको छ । आन्तरिक पर्यटनले पनि होटल ब्यवसाय फस्टाएको छ । मकवानपुरमा रहेको लटारम्मेश्वर महादेव मन्दिर वान डे ट्रेकिङ र हाइकिङका लागि उपयुक्त गन्तव्य बन्दै गएको छ । भीमफेदी गाउँपालिका–८ स्थित लटारम्मेश्वर महादेव मन्दिर धार्मिक पर्यटक एवम् हाइकिङ रुचाउने पर्यटकको रोजाइमा पर्न थालेको हो । समुन्द्री सतहबाट एक हजार ८ सय ५६ मिटरको उचाइमा रहेको लटारम्मेश्वर महादेव मन्दिरबाट मनोरम हिमश्रृंखला देख्न सकिन्छ ।

सामाजिक सञ्जालमार्फत चर्चा बटुलिरहेको यो क्षेत्र डब्लुडाँडा नामले पनि चिनिन्छ । पौराणिक मान्यताअनुसार सतीदेवीको जटापतन भएको स्थानका रुपमा धार्मिक दृष्टिले अति पवित्र मानिन्छ । भीमफेदी गाउँपालिका र वागमती प्रदेश सरकारको सहयोगमा लटारम्मेश्वरक्षेत्रलाई पर्यटकीय हबको रुपमा विकास गर्न गुरुयोजना बनाइएको छ । बागमती प्रदेश सरकारको संस्कृति तथा पर्यटन मन्त्रालयको सहकार्यमा खानेपानी, विश्रामस्थल र पदमार्ग स्तरोन्नति लगायत पूर्वाधार विस्तारको कार्य तीब्रगतिमा अघि बढिरहेको पर्यटन मन्त्रालयले जनाएको छ । पर्यटकको सहजताका लागि पूर्वाधार विकासलाई प्राथमिकतामा राखेर काम गरिरहेको हो । स्थानीयवासीका अनुसार पछिल्लो समय लटारम्मेश्वरक्षेत्रमा आन्तरिक तथा वाह्य पर्यटकको उल्लेख्य वृद्धि भएको छ । मन्दिर दर्शन गर्न आउने पयर्टकका कारण व्यापार व्यवसायमा सकारात्मक प्रभाव परेको छ । प्राकृतिक सुन्दरताले भरिएको यो मन्दिरमा पुग्दा अलौकिक अनुभूति हुने गरेको पर्यटकको अनुभव छ । भौगोलिक अवस्थिति र धार्मिक महत्वका कारण लटारम्मेश्वरलाई पर्यटकीय हबको रुपमा विकास गरिनुपर्नेमा स्थानीयले जोड दिएका छन् । मकवानपुरको बकैया गाउँपालिका–१२ ठिंगन हुँदै खोरभन्ज्याङको बाटोबाट राटोमाटेसम्म सवारी साधनमा र त्यसपछि केही भाग सिडी र डेढ घण्टा ठाडो उकालो हुँदै मन्दिरमा पुग्न सकिन्छ । त्यस्तै भीमफेदी गाउँपालिकाको इपाबाट २ घण्टाको ठाडो उकालो पैदल हिँडेपछि पनि डब्लुडाँडाको थुम्कोमा रहेको महादेवको मन्दिरमा पुग्न सकिन्छ ।

थुम्कोमा पुगेपछि देखिने प्राकृतिक दृश्य, चिसो हावाले यहाँ पुग्ने पर्यटकलाई मन्त्रमुग्ध बनाउँछ । डब्लुडाँडालाई छिनमै बादलले ढकमक्क ढाक्छ । छिनमै बादल फाटेर प्राकृतिक सुन्दरता देखिनु यो मन्दिरको विशेषता पनि हो । प्राकृतिक सुन्दरताले भरिएको यो मन्दिरमा पुग्दा अलौकिक अनुभूति हुन्छ । हिन्दु धर्मको पौराणिक कथाअनुसार महादेवको पत्नी सतिदेबीले देहत्याग गरेपछि महादेवले उनको शरिर लिएर हिड्ने क्रममा उनको जटा (टाउकोको कपाल) पतन भएको स्थानको रुपमा यो क्षेत्रलाई लिइन्छ । सतिदेबीको जटा झरेर पतन भएको पौराणीक कथाअनुसार लटारम्मेश्वर महादेब भएको बताइन्छ । हेटौंडाबाट कान्तिलोकपथ हुँदै ४० किलोमिटर उत्तरक्षेत्रको यात्रापछि ठिंगन पुगिन्छ । ठिंगन पुग्नुभन्दा ५०० मिटर अगाडि खोरभन्ज्याङबाटै कच्ची बाटो हुदै रातोमाटे भन्ने ठाँउसम्म दुईपांग्रे साधनमा पुग्न सकिन्छ । रातोमाटेबाट करिब ३ घण्टाको जंगल पैदलयात्रापश्चात लटारम्मेश्वर मन्दिर पुगिन्छ । महाभारतक्षेत्रको यो स्थानमा वर्षायाममा लेकाली जुकाले यात्रुलाई दुख दिने गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार ११ गते बुधबार २५ जुन २०२५ । औंशी, असाढ कृष्णपक्ष । तछलागा ११४५ ने.सं. । सूर्योदय ५:११, सूर्यास्त ७:०१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मित्रताले हर्ष बढ्नेछ | **तुला** | : सहयोगीले असहयोग गर्नेछन् |
| **वृष** | : कामको तारिफ हुनेछ | **वृश्चिक** | : पढाइमा प्रगति हुनेछ |
| **मिथुन** | : अरुको मन लोभ्याउन सकिनेछ | **धनु** | : समस्या दोहोरिन सक्नेछ |
| **कर्कट** | : दाम कमाउने बेला छ | **मकर** | : घरेलु काममै अलमल हुनेछ |
| **सिंह** | : प्रयत्न निरर्थक हुनेछ | **कुम्भ** | : भूमिबाट लाभ लिने समय छ |
| **कन्या** | : व्यावसायिक काम बन्नेछ | **मीन** | : बिग्रिएकोसम्बन्ध सुधार्नेमौका छ |

# महिला चुनौतीबीच नेतृत्वको अवसर



प्रतिमा भट्ट

**सन् १९५० को दशकदेखि शुरु भएको महिला सशक्तीकरण अहिलेसम्म पनि सुस्त गतिमा छ । केवल कानूनको आधारमा मात्रै यस्ता विभेद, असमानता र विकृति-विसंगतिहरु हटाउन सकिंदैन, यसका लागि भिजन भएको उदार र समतामुखी तथा महिला अधिकारमैत्री प्रतिबद्ध नेतृत्व अपरिहार्य छ**

नेपालको सामाजिक संरचना जति नै परिवर्तन भयो भनिए पनि गहिरो रूपमा पितृसत्तात्मक संरचना कायमै छ । महिलालाई आफूले चाहे जस्तो शिक्षा, स्वास्थ्य, रोजगारी, आर्थिक निर्णय लिन तथा नेतृत्व तहमा पुग्न अझै अनगिन्ती जटिल सामाजिक, सांस्कृतिक, आर्थिक अवरोधहरू छन् । बेलायती लेखक तथा महिला अधिकारकर्मी क्यारोलिन क्रिआडो पेरेजले उनको बहुचर्चित पुस्तक 'इन्भिजिबल वुमन'मा उल्लेख गरे झैं, विश्वभर महिलाका आवश्यकता र योगदानलाई सार्वजनिक नीतिमा पर्याप्त ध्यान दिइँदैन । नेपाल पनि यसको अपवाद होइन ।

विद्यालयसम्म किशोरी तथा छोरीलाई शिक्षा त दिइन्छ, तर आधारभूत शिक्षापछि उच्च शिक्षा वा व्यावसायिक क्षेत्रमा लगानी गर्ने विषयमा धेरैजसो अभिभावक अझै पनि अनुदार छन् । धेरैजसो आमा-बुबा छोरीलाई स्नातक वा स्नातकोत्तर तहसम्म पढाउँदाको आर्थिक खर्च 'अनावश्यक लगानी' ठान्छन् । विवाहपछि 'अरूको घर जाने' तथा 'जागिर नै गरे पनि आफूले कमाइ खान नपाउने' चिन्तन बोकेर छोरीलाई 'उच्च शिक्षा दिनुको के अर्थ?' भन्ने परम्परागत तथा विभेदकारी सोच बोकर हिंडिरहेका छन् । छोरा वा छोरी दुवैको शिक्षामा समान महत्व दिनु समाजको दीर्घकालीन विकासको लागि अनिवार्य छ भन्ने बुझ्न सक्ने अभिभावकहरूको संख्या अझै पर्याप्त छैन । यो त भयो परिवार र समाजमा विद्यमान समस्या । राजनीतिमा त्यस्तै ठूलो समस्या छ ।

सबै तहमा महिलाको सहभागिता ३३ प्रतिशत भनिएको छ । तर कुनै पनि राजनीतिक दलको निर्णायक नेतृत्व होस् या कार्यकारी अधिकार सम्पन्न मन्त्रिपरिषद्, महिला सहभागिता निगाहमै चलेको छ । योजना बनाउने र निर्णय गर्ने तहमा आज पनि महिलाको उपस्थिति न्यून र प्रतीकात्मक मात्रै छ । महिलाहरू नीति निर्माण तहमा पुग्नुअघि मात्र होइन, पुगेपछि समेत समतामूलक र अधिकारमैत्री नीति निर्माण गर्न जटिल चुनौतीको सामना गर्नुपरेकै छ । यसैगरी आफ्नो अस्तित्वको लडाइँ लड्दै हरेक दिन आफुलाई प्रमाणित गर्नुपर्ने तितो यथार्थ घाम जत्तिकै छर्लङ्ग छ । अरूको त परै जाओस् आफ्नै कमाइ वा पूँजीको आर्थिक निर्णयमा समेत महिलाको पहुँच सीमित छ ।

**सम्पत्तिमा देखावटी अधिकार**

सरकारी तथ्याङ्कमा धेरै घर-जग्गा वा सम्पत्ति महिलाको नाममा देखिन्छन् । तर, यो प्राविधिक वास्तविकता मात्र हो । महिलाको नाममा घरजग्गा खरिद-बिक्रीमा पाइने कर छुटका कारण मात्र त्यो महिलाको नाममा आएको हो । व्यवहारमा त्यो घरजग्गामाथि पुरुषकै हैकम र नियन्त्रण छ । त्यो किनबेचको निर्णयमा महिलाको मत नगन्य छ । छोरी वा बुहारीले व्यवसाय शुरु गर्न वा बीउ पूँजी लगानी माग्दा प्राय: छोरालाई जस्तो सहज वातावरण हुँदैन । जसोतसो आफ्नो मिहिनेत, प्रतिभा र जोखिमले कामको थालनी गरे पनि महिलालाई कार्यस्थलमा अनेकौं अवरोधसँग जुध्नुपर्छ । यौन दुर्व्यवहार, अफवाह, मानसिक उत्पीडन र असमान पारिश्रमिक जस्ता समस्याले महिलाको आत्मविश्वासमा गहिरो चोट पुऱ्याउँछ ।

संयुक्त राष्ट्रसंघ, खाद्य तथा कृषि संगठन (एफएओ) लगायतका अन्तर्राष्ट्रिय संस्थाहरूका अध्ययनले देखाउँछन् कि महिलाले गर्ने कामको दुईतिहाइभन्दा बढी भाग, ७ ट्रिलियन डलर बराबरको श्रम अझै अवैतनिक छन् वा अर्थतन्त्रमा मानकीकरण गरिएको छैन । समान कामका लागि महिलाले पुरुषभन्दा ३५.५ प्रतिशत कम पारिश्रमिक पाउँछन् र महिलाहरू प्राय: अनौपचारिक र न्यून पारिश्रमिकका क्षेत्रमा सीमित छन् ।

नेपाली समाज मात्र होइन, यो समस्या विश्वव्यापी हो । बेलायती लेखक पेरेजले उनको पुस्तक 'इन्भिजिबल वुमन' मा निकालेको निष्कर्ष जस्तै विश्वव्यापी प्रणालीहरू पनि महिलाहरूलाई हेर्ने दृष्टिकोणमा पूर्वाग्रही छन् । उदाहरणका लागि, कारको सिट बेल्ट पुरुषको शारीरिक बनोटलाई ध्यानमा राखेर डिजाइन गरिएको पाइन्छ । जसका कारण महिलामा अपेक्षित सुरक्षाको सम्भावना कम हुन्छ । फलस्वरुप महिलाहरू घातक सवारी दुर्घटनामा बढी प्रभावित हुने गरेका छन् । साहित्यकार चिमामान्डा न्गोजी आदिचीको पुस्तक 'वी शूड अल बी फेमिनिस्ट' मा भनिए झैं एक्काइसौं शताब्दीको समाजमा पनि महिलालाई सधैं सहायक भूमिकामा सीमित गर्ने सोच गहिरो रूपमा रहेको छ । यो समाजको संरचनात्मक समस्या हो । सामाजिक सुरक्षा तथा वित्तीय संस्थामा पहुँच र व्यावसायिक अवसरहरूमा पछाडि पारिएका हामी महिला उच्च नेतृत्व तहसम्म पुग्न अझै पनि संघर्षरत छौं ।

**कुशल नेतृत्वको अपेक्षा**

विश्वभरका तथ्यांकहरूले देखाउँछन्, जब महिलाहरू नेतृत्वमा हुन्छन्, तिनले शिक्षा, स्वास्थ्य, शान्ति स्थायित्व र सुशासनलाई उच्च प्राथमिकता दिन्छन् । नेशनल डेमोक्रेटिक इन्स्टिच्युटका अनुसार महिलाहरू नीति निर्माणमा बढी सहकार्य गर्छन्, जनताको समस्या सुन्न बढी तत्पर हुन्छन्, लोकतन्त्रप्रतिको जनविश्वास बढाउँछन्, शान्ति स्थायित्वमा सशक्त भूमिका खेल्छन् । यसैगरी शिक्षा, स्वास्थ्य र विकासलाई बढी प्राथमिकता दिन्छन् । यति हुँदाहुँदै पनि हामी महिलाहरू अझै नेतृत्व तहमा अल्पसंख्यक छौं । अझ विडम्बना त के भने हाल विश्वका २७ देशमा मात्र महिलाले राष्ट्रप्रमुखको भूमिका सम्हालेका छन् । हालसम्म १०८ देशमा कहिल्यै पनि महिला राष्ट्रप्रमुख भएका छैनन्, जबकि विश्वमा आधाभन्दा बढी महिला छन् ।

नेपालमा पनि महिलाको राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रमा सहभागिता, प्रतिनिधित्व र नेतृत्वदायी भूमिकाको यथार्थ विश्लेषण गर्दा समस्या थप जटिल र बहुआयामिक छन् । तर वास्तविकता के हो भने नेतृत्वमा महिला सहभागिता बढाउनु भनेको केवल उनीहरूको हक सुनिश्चित गर्नु मात्र होइन, समग्र लोकतन्त्र र समाजको समुन्नति र समृद्धिका लागि पनि अनिवार्य पूर्वशर्त हो ।

हामी आज नयाँ पुस्ताका नेपाली महिलाहरू शिक्षित, जागरुक र आत्मनिर्भर बन्न चाहन्छौं । हामी आफ्नो करिअर, राजनीतिमा सहभागिता र समाजमा आफ्नो पहिचान केवल आफ्नो योग्यता, क्षमता र विभेदरहित वातावरणमा स्थापित गर्न चाहन्छौं । हामीलाई चुनाव वा आवश्यकताको बेला प्रयोग गर्ने वा अतिरन्जित रूपमा प्रस्तुत गर्ने मात्रै होइन, मार्गदर्शन गर्ने, समान र न्यायोचित अवसर सुनिश्चित गर्ने र समाजमा विद्यमान संरचनागत बाधाहरू हटाउन सक्ने नेतृत्वको आवश्यकता छ ।

सन् १९५० को दशकदेखि शुरू भएको महिला सशक्तीकरण अहिलेसम्म पनि सुस्त गतिमा छ । केवल कानूनको आधारमा मात्रै यस्ता विभेद, असमानता र विकृति-विसंगतिहरू हटाउन सकिंदैन, यसका लागि भिजन भएको उदार र समतामुखी तथा महिला अधिकारमैत्री प्रतिबद्ध नेतृत्व अपरिहार्य छ ।

हाम्रो जस्तो देश/समाजमा जहाँ महिलाहरूले अझै पनि धेरै आर्थिक, सामाजिक, पारिवारिक निर्णय गर्ने स्वतन्त्रता पाएका छैनन्, जहाँ अझै पनि "छोरीलाई त धेरै पढाएर के हुन्छ ?" भन्ने सोच विद्यमान छ, त्यहाँ विचार, दृष्टिकोण र दीर्घकालीन योजना सहितको नेतृत्वले मात्र समाजमा विद्यमान संरचनागत समस्या समाधान गरी सामाजिक रूपान्तरण गर्न सक्छ । त्यसैले उदार, लोकतान्त्रिक, समतामूलक र समुन्नत नेपाल निर्माण अभियानमा समाजका सबै क्षेत्रबाट भूमिका निर्वाह गर्न चाहने युवा पुस्ता आशा, विश्वास र भरोसायोग्य नेतृत्वको खोजीमा छन् ।

*(साभार: अनलाइनखबर)*

# दिलभूषण प्रकरण : पत्रकार, सरकार र न्यायालयलाई पाठ

प्रतीक प्रधान

**नेपाली कांग्रेसका सभापति र वर्तमान परराष्ट्र मन्त्रीका छोरा, जो सधैँ सरकारी सेवा पाएर हुर्किए तिनी सार्वजनिक व्यक्ति नै हुन्छन् र जनताको प्रश्नको दायरामा नै हुन्छन् । जनताबाट हुने आलोचना स्वीकार्य नभए घोषितरूपमै बाबुआमासँग छुट्टिएर र सरकारबाट व्यापार, व्यवसायमा सुविधा नलिइ अलग्ग बस्नुपर्छ ।**

दिलभूषण पाठकको कार्यक्रम 'टफ टक'मा शेरबहादुर-आरजु देउवा पुत्र जयवीर देउवाको सन्दर्भमा गरिएको टिप्पणी र त्यसपछि पाठकविरुद्ध जाइलागेको राज्य संयन्त्र अनि अभिव्यक्ति स्वतन्त्रताका पक्षधर तथा पत्रकारकाबीच भएको बहसले निकै व्यापकता पाएको छ । जयवीर देउवाको हिल्टन होटलमा व्यापारिक संलग्नताको विषयमा करिब एक डेढ महिनाअघि नै सामाजिक सञ्जालमा कसैले आफ्नो परिचय लुकाएर सूचना संप्रेषण गरेको थियो । उक्त समाचारको विषयमा 'बाह्रखरी'लाई चासो लिनुपर्ने अवस्था आयो । किनभने सो अज्ञात व्यक्तिले प्रयोग गरेको जयवीर देउवाको तस्बिर 'बाह्रखरी'ले खिचेको तस्बिर थियो र त्यसमा 'बाह्रखरी'को वाटर मार्क पनि स्पष्ट देखिन्थ्यो ।

बाह्य व्यक्तिले हेर्दा सो सूचना प्रवाहमा बाह्रखरीको संलग्नता भएको आरोप पनि लाग्न सक्थ्यो । त्यसैले, बाह्रखरीले उक्त विषयमा हिल्टन होटलका मालिक साहिल अग्रवालको टिप्पणी नै प्रयोग गरेर सो समाचारको सत्यतथ्य के हो भनेर स्पष्ट पारेको थियो । चर्चित टेलिभिजन कार्यक्रम 'टफ टक'का संचालक पाठकले पनि सामाजिक संजालको प्रभावमा परेर हो वा विषयमा चासो लागेर हो त्यस विषयमा एउटा व्याख्यात्मक कार्यक्रम बनाए । उनले बनाएको कार्यक्रममा स्पष्ट ढंगमा आरोप लगाइएको थिएन तर सामाजिक संजालमा के के कुरा भएका छन् र त्यत्रो सम्पत्तिको स्रोत के हो भन्ने विषयमा प्रश्न उठाएका थिए । तथापि, जिम्मेवार राष्ट्रिय पत्रकारबाट आएको समाचार पुष्टि नभएको अवस्थामा प्रश्न उठ्नु र आफूलाई पीडित ठान्ने पक्षले सो समाचारको आधिकारिकतामा प्रश्न उठाउनु स्वाभाविकै हो ।

तर, सरकारले जब दिलभूषण पाठकलाई विद्युतीय कारोबार ऐनअन्तर्गत कारवाही गर्ने मनसुवा बनाएर जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी गरायो त्यसपछि प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, विद्युतीय कारोबार ऐनको सीमा र जनताको संवैधानिक हक संरक्षण सम्बन्धमा सरकारी रवैयाका बारेमा विभिन्न धारणाहरू सर्वसाधारणसम्म बहसका लागि बाहिरिए । सबैभन्दा पहिले, कुनैपनि व्यक्ति वा संस्थाको कुनै पत्रकार, सर्वसाधारण व्यक्ति वा संस्थाले मानहानि, बेइज्जत गऱ्यो भने पीडित व्यक्तिले कस्तो कानुनी उपचार खोज्ने ?

अहिलेको चलनअनुसार पत्रकार र सर्वसाधारण व्यक्तिको हकमा भिन्नाभिन्नै प्रक्रिया छ । पत्रकारको हकमा पहिले प्रेस काउन्सिल नेपालमा जाने हो । त्यहाँ समाचार गलत ठहरिए माफी मागेर समाचार सच्याउनेसम्मका काम हुन्छन् । तर, सर्वसाधारणको हकमा हो भने सिधै प्रहरीको 'साइबर सेल' जाने र विद्युतीय कारोबार ऐनअन्तर्गत कारबाही गर्ने गरिन्छ । यस सन्दर्भमा पत्रकार र सर्वसाधारणलाई सूचनाको हक र अभिव्यक्ति स्वतन्त्रताको हक प्रयोग गर्नका लागि दुई फरक मापदण्ड बनाइनु नेपालको संविधानको मर्मविपरीत हुने देखिन्छ । यस्ता विषयमा सर्वसाधारणभन्दा पत्रकार नै बढी जिम्मेवार बनाइनुपर्छ ।

प्रेस काउन्सिलको भूमिका र उपस्थितिनै पत्रकारलाई बढी जिम्मेवार बनाएर बढी सन्चार माध्यमलाई विश्वसनीय बनाउनु हो । पत्रकार विश्वसनीय भएको अवस्थामा मात्र सर्वसाधारण जनता अविश्वसनीय माध्यमबाट छरिने भ्रम र षडयन्त्रबाट मुक्त हुन्छन् र तिनको सूचनाको हकको सही कार्यान्वयन हुन्छ भन्ने सोच हो । त्यसैले कुनै पनि गलत समाचार संप्रेषण भएको छ भने पत्रकार प्रेस काउन्सिल मार्फत् कारवाहीको भागिदार भएर पुन: अदालतबाट पनि कारवाहीमा पर्नसक्छ भने सर्वसाधारण जनता अदालतबाट मात्र कारवाहीमा पर्ने हुन्छ । तर, गाली बेइज्जती वा मानहानिसम्बन्धि कसुरका लागि पत्रकार वा सर्वसाधारणलाई साइबर कानुन लगाइनुले राज्यको प्रवृत्तिमा प्रश्न जन्माएको हो । सरकारले सर्वसाधारणलाई त्रासमा राख्न र आफ्नो विरोध नगरोस् भनेर तर्साउनका निमित्त जुन साइबर कानुन अर्थात् विद्युतीय कारोबार ऐन प्रयोग गर्दै आएको छ त्यो पूर्णत: गलत र संविधानको मर्मको खिलापमा छ ।

विद्युतीय कारोबार कानुनको प्रस्तावनामा नै विद्युतीय सञ्चार माध्यमबाट हुने कारोबारलाई भरपर्दो र सुरक्षित बनाइने उल्लेख छ । अर्थात्, विद्युतीय माध्यमबाट हुने कुनै पनि व्यापार, व्यवसाय वा भनौ आर्थिक कारोबारलाई नियमित र नियन्त्रण गर्ने उद्देश्यले मात्र यो कानुन बनेको हो । पत्रकारले मात्र नभइ सर्वसाधारण जनताले समेत आफूलाई लागेको सामाजिक, राजनीतिक विषयमा बोलेका विषयलाई यो कानुनअन्तर्गत कारवाही गर्नु उचित देखिँदैन ।

विद्युतीय कारोबार ऐनको दफा ४७ पनि यस सन्दर्भमा निकै चर्चित बन्न पुगेको छ जसमा विद्युतीय स्वरुपमा कानुनले प्रकाहन र प्रदर्शन गर्न नहुने भनिएका कुराहरू गरेमा पाँच वर्षसम्म कैद र एक लाखसम्म जरिवाना वा दुवै कारवाही हुने भनिएको छ । तर, जुन कानुन (अपराध संहिता)ले जे गर्न नहुने भनेको छ त्यसको सजाय उही कानुनले नै तोकेको हकमा दफा ४७ को उपादेयता देखिँदैन । त्यतिमात्र होइन यो दफा र विद्युतीय कारोबार ऐनको प्रस्तावना नै एक आपसमा मिल्दैनन् । त्यसैले यस विषयमा पनि कुनै उपयुक्त न्यायिक निरुपण हुनुपर्ने देखिन्छ । उच्च अदालत पाटनका न्यायाधीशद्वय टंकप्रसाद गुरुङ र टीकाराम आचार्यको इजलासले दिएको आदेशमा पाठक पत्रकार भएको हुनाले विद्युतीय कारोबार ऐन लगाएर पक्राउ नगर्न सरकारलाई आदेश दिएको छ । अदालतको यो आदेश स्वागतयोग्य छ तथापि अभिव्यक्ति स्वतन्त्रताका सन्दर्भमा अझै केही प्रश्न अनुत्तरित रहेका छन् ।

दिलभूषण पाठक पत्रकार नभएको भए वा यही व्यहोराको समाचार सम्प्रेषण अहिलेका चर्चित युट्युब पत्रकार टंक दाहाल (टेकटंक)ले गरेको भए साइबर कानुन लाग्थ्यो त ? यस विषयमा अदालतमा अझै बहस हुनुपर्ने देखिन्छ । आर्थिक रूपमा ठग्ने, विभिन्न प्रलोभन देखाउने, अनधिकृत चिट्ठाजस्ता कार्यक्रम चलाउने वा गेमहरूमार्फत् ग्राहकलाई ठग्नेका लागि मात्र साइबर कानुन आकर्षित हुनुपर्ने हो । विदेशमा बसेर नेपाली समाजमा भइरहेका विकृतिलाई उजागर गर्ने टंक दाहालजस्ता व्यक्तिका विरुद्ध होइन । कुनै पनि जनताले सरकार वा उच्च पदमा बसेका वा सार्वजनिक जीवन जिइरहेका व्यक्तिको विषयमा उठाएका प्रश्नमा कसैको मानहानी, बेइज्जती वा आर्थिक हानि नोक्सानी भएको अवस्थामा पीडितले के गर्ने त ? कुनै एक पक्षको अभिव्यक्तिबाट पीडित हुनपुगेको अर्को पक्षका लागि मुलुकी अपराध (संहिता) ऐन, २०७४ स्पष्ट छ ।


उपर्युक्त संहिताको भाग-२ को उपदफा ३०५ र ३०६ मा गाली बेइज्जती भनेको के हो र कुन कुन अवस्थामा सो अपराध गरिएको मानिने र कस्तो अवस्थामा मानहानि गरेको नमानिने भनेर स्पष्ट ढंगले किटान गरिएको छ । कसैले गाली बेइज्जती गरेको ठहरिएमा दफा ३०७ अनुसार अपराध गर्नेलाई दुई वर्षसम्म कैद र २० हजारसम्म जरिवाना वा दुवै हुने व्यवस्था छ । गाली बेइज्जतीमा कसैलाई पनि साइबर कानुन नलाग्ने पनि दफा ३०७ को अर्को बुँदाले स्पष्ट पारेको छ । कसैले यस्तो अपराध विद्युतीय माध्यममार्फत् गरेको रहेछ भने कैद एक वर्षसम्म थप हुनसक्ने र जरिवाना पनि १० हजारसम्म बढ्न सक्ने भनिएको छ ।

त्यसैले गाली बेइज्जतीमा साइबर कानुन लगाएर जनतालाई त्रस्त पार्नु गैरकानुनी र संविधानको मर्मविपरीत हो । जनताले कर तिरेको पैसा उपभोग गर्ने र सरकार संचालन गर्ने जिम्मेवारी लिएर पदमा पुगेका व्यक्ति जनताको आलोचनाबाट बच्न पाउँदैनन् । तिनले आफूलाई लागेका आरोपको उपयुक्त माध्यम र संसद्बाट जवाफ दिनुपर्छ, प्रश्नकर्तालाई साइबर कानुन लगाएर प्रताडित गरिनु हुँदैन । अन्यथा नेपालको समाजमा प्रश्न गर्ने र सरकार तथा सार्वजनिक जीवनमा बसेकालाई आलोचना गर्ने क्षमतामा आइरहेको ह्रास अझ बढेर जानेछ ।

अन्त्यमा, नेपाली कांग्रेसका सभापति र वर्तमान परराष्ट्र मन्त्रीका छोरा, जो सधैं सरकारी सेवा पाएर हुर्किए तिनी सार्वजनिक व्यक्ति नै हुन्छन् र जनताको प्रश्नको दायरामा नै हुन्छन् । जनताबाट हुने आलोचना स्वीकार्य नभए घोषितरूपमै बाबुआमासँग छुट्टिएर र सरकारबाट व्यापार, व्यवसायमा सुविधा नलिइ अलग्ग बस्नुपर्छ । त्यस अवस्थामा भने उनी निजी व्यक्ति मानिन्छन् र उनको विषयमा टिप्पणी गर्दा सबैले थप संयम अपनाउनुपर्छ ।

(साभार: बाह्रखरी)

# मन्त्री पदको दुरुपयोग गर्दै न्यायाधीशहरूलाई फोन घुमाइरहन्छन् चौरसिया




काठमाडौं/कानुनमन्त्री अजयकुमार चौरसियाले पदीय हैसियत दुरुपयोग गर्दै न्यायिक काम-कारबाहीमा शृंखलावद्ध हस्तक्षेप प्रयास गरेको पाइएको छ । कानुनमन्त्री न्यायपरिषद्को सदस्य हुने संवैधानिक व्यवस्था छ । न्यायपरिषद्को सदस्यको हैसियत दुरुपयोग गरेर उनले जिल्लादेखि सर्वोच्च तहसम्म न्यायिक काम-कारबाहीमा हस्तक्षेप गर्न थालेका हुन् ।

न्यायपरिषद् स्रोतका अनुसार, जेठको दोस्रो साता वीरगञ्ज पुगेका कानुनमन्त्री चौरसिया उच्च अदालतको वीरगञ्ज इजलासले कांग्रेस पूर्वसांसद मोहम्मद आफताब आलमलाई सफाइ दिएको भोलिपल्ट मात्रै काठमाडौं फर्किएका थिए । त्यो सूचना लगत्तै सर्वोच्च अदालतको सीमित न्यायिक वृत्तमा 'न्यायक्षेत्रमा बाह्य हस्तक्षेपको प्रयास भएको भनी' सांकेतिक टीकाटिप्पणी भएको थियो । आलम मुद्दाको सुनुवाइका बेलामा न्यायपरिषद्का सदस्य चौरसिया वीरगञ्ज पुग्नु संयोग मात्रै थिएन । परिषद्सम्बद्ध स्रोतले भन्यो, 'सुरुदेखि नै वीरगञ्जमा न्यायाधीश सरुवामा उहाँले जे-जसरी आफ्नो रुचि प्रकट गर्नुभएको थियो, लगत्तै त्यसको नतिजा देखिन थालेको हो ।'

विशेष अदालतमा डा. खुसीप्रसाद थारु नेतृत्वको इजलास हुँदा भ्रष्टाचारको आरोपमा कांग्रेस नेता विजयकुमार गच्छदारलाई सफाइ दिएलगत्तै कानुनमन्त्री चौरसियाले उनलाई उच्च अदालतको वीरगञ्ज इजलासमा लैजान जोड गरेका थिए । नभन्दै त्यसको केही महिनापछि चौरसियाको जोडबलमा थारुलाई उच्च अदालतको वीरगञ्ज इजलास पठाइएको थियो । स्रोतका अनुसार, 'त्यतिबेला थारुलाई जोडबल नै गरेर वीरगञ्ज लगिएको थियो, अन्त्यमा थारु र अर्जुन महर्जनको इजलासले मुद्दा टुंग्यायो ।' सायद, त्यसबारेमा संकेत पाएर होला, आलमले सफाइ पाएको एक सातापछि नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) निकटका कानुन व्यवसायीहरूले फैसलामा संलग्न न्यायाधीश र कानुनमन्त्रीको कल डिटेल रेकर्ड (सीडीआर) हेरेर छानबिन हुनुपर्ने माग गरेका थिए ।

कानुनमन्त्री चौरसियाले फैसलाको मितिमा आफू वीरगञ्जमै नभएको जिकिर गरे । 'म त्यता गएकै थिइनँ,' उनले भने, 'गएकै भए पनि न्यायाधीशहरूले त्यति सजिलै मलाई भेट्छन् ? न्यायाधीश भेट्न त्यति सजिलो छ ?' २१ जेठमा नेकपा (एकिकृत समाजवादी) निकटका कानुन व्यवसायीहरूले विज्ञप्ति नै निकालेर न्यायाधीशको कल डिटेल रेकर्ड हेर्न माग गरेका थिए । उनीहरूको संकेत फैसला गर्नुअघि न्यायाधीशहरू 'बाह्य क्षेत्रबाट प्रभावित भएको' भन्ने थियो । उनीहरूले कानुनमन्त्री, सम्बद्ध कानुन व्यवसायी एवं न्यायाधीशको कल डिटेल रेकर्डमाथि समेत अनुसन्धान हुनुपर्ने भनेका थिए । उच्च अदालत बार एसोसिएसन, वीरगञ्ज इजलास बारको कार्यसमितिमा रहेका एक कानुन व्यवसायी भन्छन्, 'कानुनमन्त्री अड्डा जमाएरै बसेपछि त कहाँ के भयो, हामीले पनि थाहा पाउँछौं नि ।' सोमबार मात्रै न्यायपरिषद्मा परेको अर्को उजुरीमा न्यायाधीशद्वय थारु र महर्जनमाथि मात्रै होइन, कानुनमन्त्री चौरसियामाथि समेत छानबिन गर्नुपर्ने माग छ । उजुरीकर्ता शैलेन्द्र साहले न्यायाधीशहरू र कानुनमन्त्रीबीचको कल डिटेल रेकर्ड मगाएर छानबिन हुनुपर्ने माग गरेका छन् ।

न्यायिक काम-कारबाहीमै हस्तक्षेप गर्न थालेको आरोप खेपेका कानुनमन्त्री केही दिनअघिको न्यायपरिषद्को बैठकमा त्यसैगरी मुखर रूपमा प्रस्तुत भए । सामान्यतया: न्यायाधीशमाथिको छानबिन र कारबाही न्यायपालिका भित्रको आन्तरिक मामिला मानिन्छ र परिषद्को सदस्य हुने कानुनमन्त्रीले त्यसमा हस्तक्षेप र रुचि राख्दैनन् । 'तर, उच्च अदालत वीरगञ्जका न्यायाधीशहरू डा. खुसीप्रसाद थारु र अर्जुन महर्जनलाई परिषद्मा तानेर छानबिन गर्ने मामिलामा ठिक उल्टो भयो,' परिषद्सम्बद्ध स्रोतले भन्यो, 'अरु सबैजना तयार हुँदासमेत कानुनमन्त्री चौरसियाले न्यायाधीशलाई छानबिनका लागि तान्नु उचित होइन भनेर अडान लिए, निर्णयमा हस्ताक्षर समेत गरेनन् ।' कानुनमन्त्री चौरसियाले आफूले न्यायपरिषद्को निर्णयमा हस्ताक्षर नगरेको स्वीकार गर्दै प्रक्रियागत विषयमा मात्रै आफ्नो फरक मत भएको जिकिर गरे ।

'मैले न्यायपरिषद्कै कुनै सदस्यलाई छानबिनको जिम्मेवारी दिनुपर्छ भनेको हुँ, सर्वोच्चकै न्यायाधीशलाई छानबिन गर्न लगाउँदा भोलि उनैले मुद्दा हेर्नुपर्ने हुनसक्छ । यता छानबिन गर्ने, उता मुद्दाको फैसला हेर्ने,' कानुनमन्त्रीले भने, 'न्यायाधीशको साटो परिषद्का सदस्यलाई तोकौं भन्ने मेरो आसय हो, अरुमा विमति होइन ।'

**जहाँ पनि हस्तक्षेप**

सर्वोच्च अदालतसम्वद्ध स्रोतका अनुसार, कानुनमन्त्री चौरसियाले अदालतमा विचाराधीन मुद्दाका विषयमा हस्तक्षेप गरेको भनेर जिल्ला तहबाट बारम्बार गुनासो आउने गरेको छ । 'मुद्दाको पालो परेका दिन सोझै कानुनमन्त्रीबाट फोन आउँछ । उहाँले हेरिदिनुपर्‍यो, मिलाउनुपर्‍यो भनेर मुद्दा सिफारिस नै गर्नुहुन्छ,' एक जिल्ला न्यायाधीशको भनाइ उद्धृत गर्दै सर्वोच्च अदालतसम्बद्ध स्रोतले भन्यो, 'खासगरी तराईका जिल्लामा न्यायाधीशहरूबीच आतंकै भइसकेको छ ।' कानुनमन्त्री चौरसियाले उच्च अदालतमा समेत मुद्दाहरूमा हस्तक्षेप गरेको गुनासो आएको सर्वोच्च अदालतका एक न्यायाधीशले बताए । उनका अनुसार, केही महिनाअघि विशेष अदालतमै कानुनमन्त्रीले न्यायाधीशलाई फोन गरेर मुद्दामा रुचि देखाएका थिए ।

जवाफमा ती न्यायाधीशले 'हाम्रो प्रणालीले नै प्रधानन्यायाधीश बाहेकको कुरा सुन्न मिल्दैन' भनेर जवाफ दिएलगत्तै प्रधानन्यायाधीशलाई समेत घटनाका बारेमा गुनासो गरेका थिए । त्यसपछि उनले ती न्यायाधीशलाई छाडेर अर्कालाई फोन गर्न थाले । नेपाली कांग्रेस सर्लाहीका सभापति सुरेन्द्रप्रसाद सिंह भ्रष्टाचार मुद्दामा सर्वोच्च अदालतबाट दोषी ठहर भएका व्यक्ति थिए । वन पैदावरको दुरुपयोग गरी राज्यकोषमा नोक्सानी पुर्‍याएको मुद्दामा उनी सर्वोच्च अदालतबाट दोषी ठहर भएपछि पदमुक्त हुने अवस्था आएको छ ।

त्यो मुद्दा पुनरावलोकनका क्रममा उल्टिने भन्दै कानुनमन्त्री चौरसियाले सर्वोच्च अदालतबाट पुनरावलोकनको निस्सा दिलाउन आफूले पहल गर्ने आश्वासन दिए । अदालतबाट फैसला भइसकेको मुद्दा पुनरावलोकनका लागि कम्तीमा तीन न्यायाधीशको इजलासले 'निस्सा हुने' आदेश गर्नुपर्छ । इजलासमा सुनुवाइ नभएपछि न्यायाधीशहरूले गर्ने आदेश न्यायिक स्वतन्त्रताको काम र न्यायिक मनको प्रयोग हो, त्यस्तोमा समेत कानुनमन्त्रीले अनुकूल हुने भनी आरोपितहरूलाई आश्वासन बाँडेको अदालतसम्बद्ध स्रोत बताउँछ । कानुनमन्त्री चौरसियाको यस्ता श्रृंखलावद्ध क्रियाकलाप थाहा पाएपछि स्वतन्त्र सांसद अमरेशकुमार सिंहले प्रतिनिधिसभा बैठकमै कानुनमन्त्रीमाथि प्रश्न उठाएर न्यायाधीशहरूलाई प्रभावित पार्ने प्रयास गरिरहेको आरोप लगाए । उनले कानुनमन्त्री चौरसियाले विभिन्न अदालतमा विचाराधीन मुद्दामाथि प्रभावित पार्न न्यायाधीशहरूलाई फोन गर्ने गरेको आरोप नै लगाए ।

'म सुन्दै आइरहेको छु, कानुनमन्त्रीले बिहान-बिहानै कसैको मुद्दा जिल्ला अदालतमा छ भने एक नम्बर न्यायाधीशलाई फोन गर्नुहुन्छ, उच्च अदालतमा छ भने मुख्य न्यायाधीशलाई फोन गर्नुहुन्छ' सांसद सिंहले प्रतिनिधिसभा बैठकमा भनेका थिए, 'सर्वोच्च अदालतमा छ भने त्यही न्यायाधीशलाई फोन गर्नुहुन्छ ।' सर्वोच्च अदालतका एक न्यायाधीशका अनुसार, न्यायिक काम-कारबाहीमा कानुनमन्त्रीको हस्तक्षेपबारे आधाभन्दा बढी न्यायाधीश जानकार छन् । कानुनमन्त्रीको 'हर्कत'बारे उनीहरूबीच पटकपटक छलफल मात्रै भएको छैन, केही न्यायाधीशले 'आफूलाई समेत फोन गरेर कानुनमन्त्रीले मुद्दामा निर्देशित गर्न खोजेको' भनेर मुख खोलेका छन् ।

नेपाल बार एसोसिएसनका अध्यक्ष एवं वरिष्ठ अधिवक्ता विजयप्रसाद मिश्र संसद्मा बोल्दा सांसदले प्रमाण समेत पेस गरेको भए उचित हुने बताउँछन् । 'उहाँले प्रमाणसहित यो मानिसले यो न्यायाधीशलाई यसरी दबाब दिन खोजे भनेर प्रमाण दिएको भए सजिलो हुन्थ्यो,' मिश्र भन्छन्, 'विना प्रमाण सांसदको भनाइका पछाडि हामी कुदिरहनुपर्छ भन्ने लाग्दैन ।' केही साताअघि सर्वोच्च अदालतका मुद्दासम्बन्धी मामिला समेत हेर्ने रजिष्ट्रार भद्रकाली पोखरेल र मुद्दा महाशाखा हेर्ने सहरजिष्ट्रार अच्युत कुइँकेलले सर्वोच्च अदालतका केही वरिष्ठ न्यायाधीशहरूसामु आफूहरूलाई कानुनमन्त्रीले फोन गरेर मुद्दा-मामिलामा हस्तक्षेप गर्न खोजेको गुनासो गरेका थिए ।

उनीहरूका अनुसार, मुद्दाको तारिख व्यवस्थापनदेखि प्राथमिकताका विषयमा समेत कानुनमन्त्रीले अस्वभाविक रुचि देखाउने गरेका थिए । गत शुक्रबार प्रतिनिधिसभा बैठकमा सांसद सिंहले सर्वोच्च अदालतकै केही न्यायाधीशहरूलाई कानुनमन्त्रीले फोन गरेर मुद्दामा निर्देशित गर्ने प्रयास गरेको बताएका थिए ।

उनले मन्त्री चौरसियाको 'कल डिटेल रेकर्ड' हेर्न माग राख्दै आफ्नो दाबी गलत भए सांसद पद त्यागिदिने चुनौती समेत दिए । काठमाडौंकै १ नम्बर न्यायाधीश कमलप्रसाद पोखरेलको फोनको स्क्रिनमा पनि यसैगरी कानुनमन्त्रीको फोन गएको थियो । सुरुवाततातका फोन उठाउने गरेका उनले नियमित रूपमा फोन आउन थालेपछि 'इन्टरटेन' नगरेको स्रोतले बतायो ।

सर्वोच्चसम्बद्ध स्रोतका अनुसार, सुरुमा आफ्नै फोनबाट न्यायाधीशहरूलाई फोन गर्ने कानुनमन्त्री चौरसियाले पछिल्ला दिनमा भने अंगरक्षक (पीएसओ)को फोनबाट न्यायाधीशहरूको पीएसओको मोबाइलमा फोन गरेर सम्पर्क गर्न थालेका छन् । फोन गरेकोमा प्रश्न उठ्नुका साथै सार्वजनिक रूपमा नै कल डिटेल रेकर्ड हेरिनुपर्ने माग भएपछि मन्त्री चौरसियाले सुरक्षित बाटो अपनाउन खोजेको एक जिल्ला न्यायाधीशले बताए ।

कानुनमन्त्री चौरसियाले सांसद अमरेशकुमार सिंहले हचुवाको भरमा बोलेको भन्दै त्यसमा कुनै आधार नभएको जिकिर गरे । 'मेरो घरमा सीसीटीभी छ, अदालतमा पनि सीसीटीभी छ । न म अदालत गएको छु, न न्यायाधीश मेरो घरमा आएका छन्,' मन्त्री चौरसियाले भने, 'न्यायाधीशलाई भेट्यो र फोन गरेर मुद्दा प्रभावित पार्‍यो भन्न खोज्नु लाञ्छना हो । मैले कहिल्यै आफ्नो इमान बेचेको छैन ।'

संचारकर्मीसँगको प्रतिक्रियामा कानुनमन्त्री चौरसियाले आफूले बरु न्यायाधीशलाई सम्पर्क गर्नु स्वभाविक हुने, तर सांसद सिंहले न्यायाधीशहरू भेट्दै हिँड्नु अनैतिक हुने जिकिर गरे । उनले भने, 'मैले त न्यायिक काम र अदालतका बजेट लगायतका विषयमा न्यायाधीशहरूलाई सम्पर्क गर्न मिल्छ ।


उहाँले किन सम्पर्क गर्दै हिँड्नुभएको हो ?' सोमबार प्रतिनिधिसभा बैठकमा जवाफ दिँदै कानुनमन्त्री चौरसियाले आफूमाथिको आरोपको प्रतिवाद गरेका थिए । 'उहाँ (सांसद सिंह)ले मेरो बारेमा आरोप लगाउनुभएको छ । म नैतिकताको राजनीति गरेको व्यक्ति हुँ । म कहिले पनि आफूलाई अनुशासनहीन व्यक्तित्व बनाएको छैन,' उनले प्रतिनिधिसभा बैठकमा भनेका छन्, 'मेरो खिलाफमा प्रमाण छ भने पेस गरे हुन्छ । मेरो मात्रै होइन, उहाँको पनि कल डिटेल परीक्षण गरे हुन्छ ।'

सर्वोच्च अदालतका ती न्यायाधीश यसअघिका कुनै पनि कानुनमन्त्रीबाट मुद्दा-मामिलाका सवालमा यो हदसम्मको व्यवहार नभएको बताउँछन् । उनका अनुसार, न्यायाधीशको सरुवा वा नियुक्तिमा यसअघिका कानुनमन्त्रीहरूले हस्तक्षेप नगरेका होइनन्, तर खुल्लमखुला यो खालको हस्तक्षेप नभएको उनी बताउँछन् । ती न्यायाधीश भन्छन्, 'यस्तै शृंखलाबद्ध असन्तुष्टि अन्य माध्यमबाट सूचना पुगेपछि संसद्मा व्यक्त भएको हो ।'

*(स्रोत: अनलाइनखबर)*

# अनमोलसहित 'फर्की फर्की' टिमविरुद्ध अदालतमा मुद्दा दायर






काठमाडौं/साहित्यकार तथा कलाकार नरेन्द्रबहादुर श्रेष्ठले आफ्नो मोबाइल नम्बर दुरुपयोग गरिएको भन्दै अभिनेता अनमोल केसीसहित फिल्म 'फर्की फर्की' टिमविरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्धा दायर गरेका छन् । उनले सोमबार वारेसमार्फत फिल्मको टिमलाई कारबाहीको माग गर्दै मुद्धा हालेका हुन् ।

'फर्की फर्की'मा अनमोलले अभिनेत्री जसिता गुरुङलाई आफ्नो नम्बर दिएको एक दृश्य छ । त्यो नम्बर निर्माण टिमले फिल्ममा आफूखुसी राखेको थियो । फिल्म ओटीटी प्लेटफर्ममा रिलिज भएपछि त्यो नम्बर साहित्यकार श्रेष्ठको रहेको खुलेको हो । अहिले उक्त नम्बरसहितको दृश्य सामाजिक सञ्जालमा भाइरल बनेको छ ।

साहित्यकार श्रेष्ठले फिल्ममा आफ्नो मोबाइल नम्बर दुरुपयोग गरिएको र यसले आफूलाई मानसिक र शारिरिक रुपमा गम्भीर हानी पुगेको भन्दै उचित क्षतिपूर्तिको माग दाबी गरेका छन् । उनका अनुसार ओटीटी प्लेटफर्मबाट नम्बर हटाउन आग्रह गर्दा पनि हटाइएको छैन । दिनमै सयौं नम्बरबाट फोन आउँदा आफ्नो मानसिक स्वास्थ्यमा गम्भीर असर परेको रिट निवेदनमा उल्लेख छ ।

साहित्यकार श्रेष्ठले रिट निवेदनमा अनमोलसहित निर्देशक सुयोग गुरुङ, चलचित्र जाँच समिति (सेन्सर बोर्ड), निर्माता लगायतलाई विपक्षी बनाएका छन् । उनीहरूलाई कानून अनुसार सजायको माग गरिएको छ ।

# खगेन्द्र र वर्षाको 'हर्ष' मंसिर १२ गतेलाई तय




काठमाडौं/एकता पौडेलको लेखन तथा निर्देशनमा तयार भएको फिल्म 'हर्ष'को प्रदर्शन मिति घोषणा गरिएको छ । सोमबार युट्युबमार्फत टाइटल भिडियो सार्वजनिक गर्दै आगामी मंसिर १२ गतेबाट फिल्म प्रदर्शनमा आउने जानकारी गराइएको हो ।

भिडियोमा स्वर्गीय निर्देशक शिव रेग्मी (मामा)प्रति फिल्म समर्पित भनिएको छ । एकता निर्देशक रेग्मीकी भान्जी हुन् । भिडियोमा कलाकारहरुको परिचय सहित आकर्षक रुपमा डिजाइन गरिएको शीर्षक समावेश छ भने बाँसुरी (बाजा)लाई प्राथमिकताका साथ राखिएको छ । यसले धार्मिक कथावस्तुमा फिल्म आधारित रहेको संकेत गर्छ ।

अष्टलक्ष्मी प्रोडक्सन्स् र ई-प्राईम मुभिजको संयुक्त ब्यानरमा निर्माण भएको फिल्ममा खगेन्द्र लामिछाने, वर्षा राउत, निर शाह, सन्तोष पन्त, शर्मिला मल्ल, माओत्से गुरुङ, विशाल पहाडी, निमा पाण्डे, लुनिभा तुलाधर, अंशु महर्जन, रेनु प्रधान, सुवर्ण थापा, श्रृष्टि महर्जन, संगीता नापित लगायतको अभिनय छ ।

प्रशन्न पौडेल र विकास पौडेल निर्माता तथा हिक्मत चोखल कार्यकारी निर्माता रहेको फिल्ममा आलोक शुक्लाको छायांकन, समीर-हिमाल, वसन्त सापकोटा तथा एलिस कार्कीको संगीत, लोकेश बज्राचार्यको सम्पादन तथा सुनिल क्षेत्री र निर्देशक पौडेलको कोरियोग्राफी छ । फिलममा शिव रेग्मीले लेखेको एउटा गीत समेत समावेश गरिएको छ ।

अमेरिकाको न्यूयोर्क फिल्म एकेडेमीमा फिल्म मेकिङ अध्ययन तथा आमसंचारमा स्नातक गरेकी निर्देशक पौडेलले व्यवस्थापन तथा नेतृत्व विषयमा स्नातकोत्तर समेत गरेकी छन् । केही छोटा फिल्महरु बनाएपछि उनले 'हर्ष'बाट निर्देशनमा डेब्यु गरेकी हुन् ।

# 'ए मेरो हजुर ५': चर्चा पलको, भित्रिए अनमोल

काठमाडौं/केही महिनाअघि निर्देशक झरना थापा र निर्माता सुनिल कुमार थापाले अभिनेता पल शाहसँग भेट गरेको एक तस्वीर बाहिरिएपछि फिल्म 'ए मेरो हजुर ५'मा उनीहरूबीच सहकार्य हुन लागेको चर्चा चलेको थियो । तर, अब कथामा नयाँ ट्वीस्ट आएको छ । उक्त फिल्ममा पल नभइ अभिनेता अनमोल केसी भित्रिएका छन् । सोमबार साँझ निर्माता थापाले उनीसँग लिखित सम्झौता गरेका हुन् ।

अनमोल स्वयंले सामाजिक सञ्जालमा एक पोस्ट गर्दै फिल्ममा आफू अनुबन्धित भएको जनाएका छन् । उनले लेखेका छन्, 'लामो समयको विश्राम पश्चात एउटा नयाँ अध्यायको सुरुवात गर्दैछु । 'जेरी अन टप', 'बाटुलो जुन' र 'ए मेरो हजुर ५'मार्फत नेपाली फिल्म उद्योगमा नयाँ जोशका साथ हजुरहरूमाझ उपस्थित हुन लागेको यो खुसीको कुरा सुनाउन पाउँदा म निकै उत्साहित र हर्षित छु ।'

त्यस्तै, झरनाले फेसबुक पोस्टमार्फत फिल्ममा अनमोललाई स्वागत गरेकी छन् । 'मेगास्टार अनमोल केसी भाईलाई 'ए मेरो हजुर ५'मा स्वागत छ । 'ए मेरो हजुर ३' र 'ए मेरो हजुर ४'पछि हामी तेश्रो पटक सहकार्य गर्दैछौं । यो सहकार्यले भविष्यमा पनि निरन्तरता पाउने विश्वास व्यक्त गर्दै 'ए मेरो हजुर ५'लाई उत्कृष्ट बनाउन कुनै प्रयास बाँकी नराख्ने प्रण गर्दछौं,' उनले लेखेकी छन् ।

आगामी असोजबाट छायांकन सुरू गर्न लागिएको यो फिल्ममा अनमोलको जोडी अभिनेत्री सुहाना थापासँग बाँधिनेछ । यसअघि उनीहरूले 'ए मेरो हजुर'को तेस्रो र चौथो श्रृंखलामा सहकार्य गरि सकेका छन् । एकपटक फेरि यो जोडीलाई पर्दामा हेर्न दर्शकहरू उत्साहित देखिएका छन् । 'ए मेरो हजुर ५'भन्दा अघि अनमोलले 'बाटुलो जुन' र सुहानाले 'परालको आगो'को छायांकन सक्नेछन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# झ्याल, ढोका र ताला फोरेर विश्वविद्यालयको क्वार्टर कब्जा गर्छन् प्राध्यापकहरू

काठमाडौं/त्रिभुवन विश्वविद्यालयका प्राध्यापक नन्दबहादुर सिंह २०७६ सालमा मध्यपश्चिम विश्वविद्यालयको उपकुलपति नियुक्त भए । ४ वर्षका लागि उपकुलपति बनेका सिंह फर्केर आएपछि पनि त्रिवि, विश्वविद्यालय क्याम्पसकै क्वार्टरमा बसे । क्वार्टर छाड्न मानेनन् । विश्वविद्यालय क्याम्पसले उनलाई क्वार्टर छोड्न बारम्बार पत्र काट्यो । 'अटेर गरेर बस्नुभयो । पत्र बुझ्न नमानेपछि इमेलबाट पनि पठाएको हो, तर छोड्नु भएन,' त्रिवि स्रोतले भन्यो, 'कार्यकाल पूरा गरेर फर्किएपछि पनि क्वार्टरमै बसिरहनु भएको छ ।'

विश्वविद्यालय क्याम्पसको आवासगृह सञ्चालनसम्बन्धी विनियम २०७६ मा त्रिवि बाहेक अन्य निकायमा नियुक्ति लिई ३ वर्षभन्दा बढी बेतलबी काजमा गएमा क्वार्टर छोड्नुपर्ने भनिएको छ । तर सिंह मध्यपश्चिम विश्वविद्यालयको उपकुलपति बनेर गएपछि पनि उनको परिवार क्वार्टरमै बस्यो । 'विश्वविद्यालयमा खुला प्रतिस्पर्धामा नाम निकालेर आएको हुँ । रिटायर्ड नभएसम्म बस्ने अधिकार छ । सरकारले अर्को ठाउँमा काजमा पठाएको हो । मलाई काजमा पठाए पनि परिवार बस्नु पर्छ कि पर्दैन ? रिटायर्ड भएपछि साँचो बुझाएर जाने हो,' पूर्वउपकुलपति सिंहले भने ।

अन्य निकायमा काजमा जाँदा क्वार्टर छोड्नुपर्ने नियम कुनै व्यक्तिको इच्छामा बनाइएको जिकिर उनको छ । 'कार्यकारीलाई प्रभावमा पारेर गलत तरिकाले नियम पास गरेको हो,' उनले भने, 'गलत तरिकाले कानुन बनाएकाले नियम कार्यान्वयन भएको छैन ।'

त्रिविका प्रा.डा. विनोद लेखक गत १७ वैशाखमा सुदूरपश्चिम विश्वविद्यालयको रजिस्ट्रार नियुक्त भए । उनी पनि बेतलबी काजमा ४ वर्षको लागि त्रिविबाट सुदूरपश्चिम विश्वविद्यालय गएका छन् । तर क्वार्टर छोडेका छैनन् । विश्वविद्यालय क्याम्पस स्रोतका अनुसार उनलाई क्वार्टर छोड्न अल्टिमेटम सहितको पत्र काटिएको छ । '३५ दिनभित्र क्वार्टर छोड्न भनेको छ तर मान्नु भएको छैन । परिवारले पत्र बुझ्न नमानेपछि इमेलबाट पठाइएको छ,' विश्वविद्यालय क्याम्पस स्रोतले भन्यो ।

रजिस्ट्रार लेखकले पनि आफूले पत्र नबुझेको स्वीकार गरे । 'नियम प्राध्यापकमैत्री छैन । ४ वर्षको नियुक्ति हो । फर्केर आएपछि कहाँ जाने ? त्यही भएर चिठी बुझेको छैन,' उनले भने, 'बरु कानुनी प्रक्रियामा जान्छु ।' पूर्वउपकुलपति सिंह र रजिस्ट्रार लेखकको एउटै तर्क छ । नियम सबैलाई लागू गरे मात्र आफूहरू मान्न तयार रहेको उनीहरूको भनाइ छ । '८० प्रतिशतले क्वार्टर कब्जा गरेर बसेका छन् । अस्थायी कर्मचारी बसेका छन् । नियम सबैलाई लागू हुनुपर्‍यो नि,' रजिस्ट्रार लेखकले भने ।

शक्ति र बलको भरमा बसेकालाई पहिला हटाउनुपर्ने सर्त सिंहको छ । 'गुन्डाको शैलीमा बसेका छन् । जो मान्छेलाई हटाउनुपर्ने हो, उनीहरूलाई नहटाउने अनि इमानदारलाई हटाउन खोज्ने ?,' सिंहले प्रतिप्रश्न गरे । विश्वविद्यालय क्याम्पसका अनुसार त्रिविबाट अर्को ठाउँमा गएपछि उतैबाट सेवा-सुविधा लिएको हुन्छ । 'एकै व्यक्तिले दोहोरो सुविधा पनि त लिन मिल्दैन,' विश्वविद्यालय क्याम्पसका एक प्राध्यापकले भने ।

पूर्वउपकुलपति सिंह र रजिस्ट्रार लेखकले भनेझैं २०७३/०७४ सालतिर क्वार्टर कब्जा गर्ने लहर नै चलेको थियो । 'कोही झ्याल फोरेर, कोही ढोकाको ताला फोरेर नै क्वार्टर कब्जा गरेर बसेका छन् । फोरेर बसेकाले कानुनी रूपमा वैधानिक बनाएका छन्,' विश्वविद्यालय क्याम्पस स्रोतले भन्यो । तोडफोड र गुन्डा शैलीमा क्वार्टर प्रवेश गर्नेहरूले वैधानिक कागज बनाएको हुँदा प्रिन्सिपल कार्यालयले निकाल्न नसकेको हो ।

प्रिन्सिपल कार्यालयका अनुसार ४ वर्षयता भने झ्याल-ढोकाको ताला फोरेर क्वार्टर उपभोग भएको छैन । 'अहिले नियमअनुसार नै क्वार्टरको प्रयोग भइरहेको छ । दुरुपयोग भएको छैन,' विश्वविद्यालय क्याम्पसका प्रिन्सिपल प्रा.डा. अक्कलदेव मिश्रले भने ।

आवासगृहमा बस्नका लागि प्रिन्सिपल कार्यालयले आह्वान गरेको सूचनाको आधारमा निवेदन दिएका शिक्षक कर्मचारीहरूले प्राप्त गरेको नम्बरको आधारमा बस्नुपर्ने नियम छ । तर त्यसबेला खाली हुने अघिल्लो दिन नै गएर प्राध्यापकले रातारात ताला लगाएर आफू बस्ने गरेका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# टेक एण्ड पेको व्यवस्थाले सिंगो उर्जाक्षेत्र आंतकित भयो: सभापति सिंह



साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ प्रतिनिधिसभाअन्तर्गतको पूर्वाधार विकास समितिका सभापति दीपक बहादुर सिंहले सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमा विद्युत खरिदमा 'टेक एण्डे पे' प्रावधान राखेर गम्भीर गल्ती गरेको बताएका छन् ।

नेपाल पूर्वाधार पत्रकार समाजले टेक एण्ड पे पीपीएको व्यवस्था र जलविद्युतमा पार्ने प्रभावका बारेमा सोमबार राजधानीमा गरेको कार्यक्रममा बोल्दै उनले सरकारले ल्याएको टेक एण्ड पेको व्यवस्थाले सिंगो उर्जाक्षेत्रलाई आंतकित गरेको भन्दै यसबारे समितिले निर्णय लिने उद्घोष गरेका हुन् । सिंहका अनुसार भर्खरै अघि बढ्न थालेको यो क्षेत्रलाई आतंकित बनाउनुहुँदैन । मुलुकलाई अध्यारोबाट उज्यालोतर्फ अघि बढाएको यो क्षेत्रलाई राज्यले तहसनहस बनाउन खोज्दा पूर्वाधार समिति रमिते नबन्ने उनले चेतावनी समेत दिए ।

सभापति सिंहले उर्जा व्यवसायीका साथै ६० लाख भन्दा बढी शेयर होल्डर भएको क्षेत्रलाई सक्ने प्रपञ्च कसैले गरे त्यो सपना पूरा हुन नदिने बताएका छन् । सभापति सिंहकाअनुसार छिट्टै जलस्रोत विधेयक पूर्वाधार समितिबाट पास गरिनेछ । छलफलमा राष्ट्रिय स्वतन्त्र पार्टीकी सचेतक निशा डाँगीले सरकारले निजीक्षेत्रलाई उत्साह दिनेगरी बजेटमा व्यवस्था गर्नुपर्नेमा उल्टो नीति लिएको बताइन् । सरकारले अहिले विद्युत खपतमा जोड दिनुपर्ने उनको भनाई छ । निजी क्षेत्रलाई कसरी दबाउन सकिन्छ भनेर सरकार लागिरहेको उनको आरोप छ । यो विषयमा लामो समयदेखि सरकारलाई आफूहरुले घचघच्याउने काम गरि रहेको उनले बताइन् ।

इप्पानको आन्तरिक अध्ययन अनुसार हालसम्म लगानी भइसकेको १ खर्ब ९ अर्ब रुपैयाँ डुब्नुका साथै भविष्यमा हुने ३३ खर्ब १४ अर्बको लगानी पनि हुँदैन । सरकारले पनि आयोजना निर्माण गरिरहँदा प्राप्त हुने ३ खर्ब २७ अर्ब ६२ करोड र निर्माण सम्पन्न भएपछि प्राप्त हुनेसहित ३१ खर्ब रुपैयाँ गुमाउनुपर्ने उल्लेख छ ।

# नगरका ९ विद्यालयमा मेघा किचन सञ्चालन

साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ हेटौंडा उपमहानगरपालिकाको ९ विद्यालय लक्षित गर्दै दिवाखाजाका लागि मेघा किचन सञ्चालनमा आएको छ ।

विद्यार्थीको दिवाखाजा व्यवस्थापनलाई लक्षित गर्दै हेटौंडा उपमहानगरपालिकाको वडा नं. ६, १६, १७ र १८ मा रहेका नौ विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि 'मेघा किचन' सञ्चालनमा ल्याइएको हो । चार वडाका विद्यालय लक्षित गर्दै हेटौंडा-१७ मा रहेको बालबोध माविमा किचन सञ्चालन भई खाजा वितरण हुने हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखाले जनाएको छ । संघीय सरकारले चालु आर्थिक वर्ष २०८१/८२ मा देशका सबै प्रदेशमा 'मेघा किचन' को व्यवस्था गरेपनि बागमती प्रदेशको हेटौंडाबाट खाजा वितरणको काम अघि बढेको हो ।

दिवाखाजा वितरणका लागि बालबोध मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रदीप अर्यालको अध्यक्षतामा मेघा किचन व्यवस्थापन समिति गठन गरेर कामलाई अघि बढाइएको शिक्षा महाशाखाका



प्रमुख सीताराम कोइरालाले जानकारी दिए । किचनबाट बालबोधसहित वंशीगोपाल, जनप्रिय, लक्ष्मी आधारभूत, ज्योति, गोरक्षश्वर, कमला, दिव्यज्योति र राजदेवी माविमा दिवाखाजा जाने व्यवस्था मिलाइएको समितिका अध्यक्ष अर्यालले जानकारी दिए ।

संघीय सरकारबाट चैत महिनामा खाजा व्यवस्थापनका लागि बजेट आए पनि आन्तरिक तयारी मिलाउने क्रममा भर्खरै मात्र किचन सञ्चालनमा आएको महाशाखाका प्रमुख कोइरालाले बताए । सञ्चालनमा आएको किचनको हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा, उपप्रमुख राजेश बानियाँ, हेटौंडा-१८ का अध्यक्ष अनिलकुमार बानियाँ, शिक्षा महाशाखा प्रमुख कोइरालाले अनुगमन तथा निरीक्षण गरेका छन् ।

मेघा किचन सञ्चालनका लागि चालु आर्थिक वर्षमा संघीय सरकारले ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । अनुगमनपछि नगरप्रमुख लामाले विद्यार्थीको स्वास्थ्यलाई ध्यानमा राखेर खाजाको व्यवस्थापन गर्न सुझाव दिइन् । सरकारले कक्षा ५ सम्मका बालबालिकालाई दिवाखाजाबापत विद्यालयमा उपस्थित भएको दिन गन्ती गरेर प्रतिदिन १५ रुपैयाँका दरले रकम उपलब्ध गराउँदै आएको छ ।

# बोक्सीप्रथाविरुद्ध शिक्षामूलक कार्यक्रमको आयोजना



साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/मान्छे बोक्सी हुन्न कहिल्यै राष्ट्रिय जागरण प्रतिष्ठान, नेपालले बागमती प्रदेशको राजधानी हेटौंडामा बोक्सी कुप्रथाविरुद्ध सचेतनामूलक तथा शिक्षामूलक कार्यक्रमको आयोजना गरेको छ ।

राष्ट्रव्यापी अभियान अन्तर्गत, प्रतिष्ठानले सामाजिक विकास मन्त्रालयको सहयोगमा बागमती प्रदेशको लागि मकवानपुरबाट कार्यक्रमको थालनी गरेको हो । यसअघि यो अभियान देशका ४५ जिल्लामा सञ्चालन भइसकेको छ । सामाजिक विकास मन्त्री हरिप्रभा खड्गीले बोक्सी कुप्रथा उन्मूलनको लागि ब्यानरमा हस्ताक्षर गरेर कार्यक्रमको औपचारिक सुरुवात गरिन् । कार्यक्रममा मन्त्री खड्गीले देशका विभिन्न भागमा अझै पनि यो कुप्रथा विद्यमान रहेको बताइन् । उनले स्थानीय सरकारसँगको सहकार्यमा यस्ता अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिइन् ।

मन्त्री खड्गीले बोक्सी कुप्रथा उन्मूलन अभियान प्रभावकारी बनाउन धामी, झाँक्री, माता, लामा र ज्योतिषहरुलाई सहभागी गराई परिचालन गर्नुपर्ने धारणा राखिन् । कार्यक्रममा प्रतिष्ठानद्वारा निर्मित सामाजिक कथामा आधारित चलचित्र अग्निदहन प्रदर्शन गरिएको थियो । मन्त्री खड्गीलगायत मन्त्रालयका कर्मचारी र सञ्चारकर्मीले यो चलचित्र हेरेका थिए । नेपाली भाषाका साथै मैथीली र भोजपुरी भाषामा पनि डबिङ गरिएको अग्निदहनलाई चलचित्र विकास बोर्डले विशेष चलचित्र अवार्डबाट सम्मानित गरेको छ ।

राष्ट्रिय जागरण नेपालका कोभिदशरण उपाध्यायले बोक्सी कुप्रथा उन्मूलन गर्ने उद्देश्यले २०७० सालदेखि नै यो अभियान जारी रहेको बताएका छन् । मकवानपुरका चार स्थानमा सचेतनामूलक कार्यक्रम आयोजना गरिने उनले जानकारी दिए ।

# भद्रकाली माविमा नेपाली सेनाको राष्ट्रिय सेवादल तालिम सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ चितवनको रत्ननगरस्थित भद्रकाली माध्यमिक विद्यालयमा नेपाली सेनाले सञ्चालन गर्ने राष्ट्रिय सेवादल (एनसिसी) तालिम सुरु भएको छ ।

रत्ननगर-१६ हात्तिगाडेमा रहेको विद्यालयमा सोमबारबाट सुरु भएको तालिमको नयाँ सबुज गण भरतपुरका सेनानी जीतबहादुर थापा र वडाध्यक्ष हेमराज थापाले संयुक्तरुपमा उद्घाटन गरे । वडाध्यक्ष थापाले अनुशासित विद्यार्थीले देशको भविष्य सुन्दर बनाउन सक्ने भन्दै अनुशासनलाई प्राथमिकतामा राखेर तालिम पुरा गर्न सहभागीलाई आग्रह गरे । कार्यक्रमका सभाध्यक्ष सेनानी थापाले युवामा अनुशासित, बफादारिता तथा इमान्दारिताका साथै राष्ट्रिय एकताको भावना विकास गर्न सेनाले तालिम सञ्चालन गर्दै आएको जानकारी दिए ।

कार्यक्रममा उपसेनानी विशाल जिसीले तालिमको महत्व र उद्देश्यबारे प्रकाश पारेका थिए । युवामा व्यक्तित्व विकास तथा क्षमता अभिवृद्धि गरी असल नागरिक बनाएर राष्ट्र विकासमा सहयोग पुगोस भन्ने उद्देश्यले तालिम संचालन गरिएको उनले बताए । कुल १०० दिन सञ्चालन हुने तालिम ७९ दिनसम्म विद्यालयमा सञ्चालन हुनेछ भने त्यसपछिको २१ दिन राष्ट्रिय सेवा दलको मध्यतालिम शिक्षालयमा नवलपरासी हात्तीखोरमा सञ्चालन हुनेछ । तालिममा ३० जना विद्यार्थी सहभागी छन् ।

# थाहानगरमा महिलालक्षित व्यावसायिक तरकारीखेती तालिम



साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/राष्ट्रपति महिला सशक्तीकरण परियोजनाको जीविकोपार्जन सुधार कार्यक्रमअन्तर्गत थाहा नगरपालिकामा व्यावसायिक तरकारी खेतीसम्बन्धी पाँचदिने तालिम सुरु भएको छ ।

लालीगुरास महिला बहुउद्देश्यीय सहकारी संस्थाको आयोजनामा तथा महिला, बालबालिका तथा जेष्ठनागरिक मन्त्रालय र थाहा नगरपालिकाको सहकार्यमा आयोजित तालिम असार ८ गतेदेखि १२ गतेसम्म सञ्चालन हुने लालीगुराँस महिला बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष रीता प्रधानले बताएका छन् । जनकल्याण माविमा कृषि अध्यापन गराउने बालीबिज्ञ प्रशिक्षक निश्चल साक्य र बागवानी केन्द्र दामनमा कार्यरत प्रशिक्षण दिने तालिममा हिंसापीडित, दलित, जनजाति समुदायका २५ जना महिलाको सहभागिता रहेको छ ।

संस्थाकी अध्यक्ष प्रधानको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा थाहा नगरपालिका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान प्रमुखअतिथि रहेका थिए । कार्यक्रममा थाहानगर उद्योग वाणिज्य संघका उपाध्यक्ष सुरेन्द्रमान प्रधान, ईलाका प्रहरी कार्यालयप्रमुख सविनबाबू अर्याल, थाहानगर महिला बालबालिका शाखाप्रमुख प्रतिमा मोक्तान, सामाजिक विकास शाखाप्रमुख अनिल लामिछाने, वडा नं. २ का सदस्य अर्जुन कार्की र झम्केश्वरी मावि व्यवस्थापन समिति अध्यक्ष प्रदीप प्रधान, स्थानीय सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्ष गणेशमान प्रधान, थाहानगर रोजगार संयोजक कुमार नेगीको उपस्थिति रहेको थियो ।

तालिम सहभागी महिलालाई बीउपूँजीसमेत प्रदान गरिने थाहानगर महिला बालबालिका शाखाप्रमुख मोक्तानले बताइन् । थाहानगर बेमौसमी तरकारी उत्पादनका लागि ख्यातिप्राप्त स्थान हो । यहाँ उत्पादन भएको तरकारी नेपालका अधिकांश सहरको भान्सामा पुग्ने गरेका छन् ।


## कृषिमा आधुनिकीकरण गरौं ।

- कृषिमा आधुनिक प्रविधिको प्रयोग गरौं,
- बैज्ञानिक खेती पद्तीको विकास गरौं,
- उन्नत बीउ र जैविक मलको प्रयोग गरौं,
- सिँचाइ प्रणालीमा सुधार गरौं,
- सिँचाइ नभएको स्थानमा बोरिङ्ग र पम्पसेट प्रयोग गरी सिंचाइ गरौं,
- परम्परागत विषादीको प्रयोग गरी किराफट्यांग्रा नियन्त्रण गरौं,
- बजार व्यवस्थापन प्रणालीको विकास गरौं,
- कृषक समूहमा आवद्ध भई ज्ञान आदान-प्रदान गरौं,
- कृषि प्राविधिकको सहयोग र सल्लाह लिने गरौं ।

*"कृषि क्षेत्रमा आत्मनिर्भर बनौं"*

नेपाल सरकार
विज्ञापन बोर्ड


# काठमाडौं-तराई मधेश द्रुतमार्गको प्रगति ४१ प्रतिशत




साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ रक्षामन्त्री मानवीर राईले नेपाली सेनाले कार्यान्वयन गरिरहेको काठमाडौं-तराई मधेश द्रुत मार्ग (फास्टट्र्याक)को प्रगति ४१ प्रतिशत पुगेको जानकारी दिएका छन् ।

प्रतिनिधिसभाको सोमवारको बैठकमा विनियोजन विधेयकमाथिको छलफलमा मन्त्री राईले यस्तो जानकारी दिए । उनले उपत्यका बाहेक तराईका जिल्लाहरुमा द्रुतमार्गका लागि जग्गा लिने प्रक्रिया सकिएको उल्लेख गर्दै अबको केही महिनाभित्रै उल्लेख्य प्रगति हुने विश्वास व्यक्त गरेका छन् । सरकारले २०७४ सालमा नेपाली सेनाको जिम्मा लगाएको द्रुतमार्ग ८ वर्षमा ४१ प्रतिशत मात्र प्रगति रहेको छ । मन्त्री राईले बजेट अभावको कारण १८ वर्ष कटेका युवालाई नेपाली सेनाको लागि तयारी तालिम दिन नसकिएको समेत स्पष्ट पारे ।

आयोजनामा अहिले प्याकेज नम्बर १ देखि १० सम्म विभिन्न निर्माणको काम जारी छ । यो आयोजना कुल ७० दशमलव ९८ किलोमिटर लम्बाइको हो । जसमध्ये १० दशमलव ९९ किलोमिटरमा सुरुङ रहेको छ । यो कुल लम्बाइको १५ दशमलव ४८ प्रतिशत हो । आयोजनामा कुल १२ दशमलव ८८ किलोमिटर अर्थात् १८ दशमलव १५ प्रतिशत पुलको हिस्सा रहने छ । ८९ स्थानमा पुल निर्माण गरिँदैछ । सडकतर्फ प्यासेन्जर अन्डरपास १, भेइकल अन्डरपास २२ र बक्स कल्भर्ट निर्माण २६ वटा सम्पन्न भइसकेको आयोजनाले जनाएको छ ।

आयोजनाको सुरुवाती बिन्दु खोकना तथा ललितपुरको बुङमति र फर्सिडोल क्षेत्रमा जग्गाको मुआब्जा वितरण हुन अझै बाँकी छ । सोही कारण प्याकेज नम्बर ११ को खरिद प्रक्रिया ढिला भएको आयोजनाको भनाइ छ । सम्झौता अनुसार आयोजनाको म्याद चैत २०८३ सम्म मात्र छ । राजनीतिक रुपमा क्रेडिट लिने होडमा २०६६ देखि पटकपटक सिलान्यास हुँदै आएको फस्टट्र्याकको सुरुवाती लागत करिव ७० अर्ब रुपैयाँ मात्र थियो । तर, यो आयोजना सम्पन्न भएर सवारी साधन चल्ने समयसम्म २ सय ५० अर्ब रुपैयाँ लाग्ने अनुमान गरिएको छ ।

# भीमफेदी गाउँपालिकालाई माओवादी केन्द्रको ज्ञापनपत्र

साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/नेकपा (माओवादी केन्द्र) भीमफेदी गाउँपालिका कार्यसमितिले गाउँपालिकाको बजेट नीति तथा कार्यक्रम जनताको आवश्यकताअनुसार समावेश गर्न माग गर्दै गाउँपालिकालाई ज्ञापनपत्र बुझाएको छ ।

ज्ञापनपत्र पार्टीका गाउँपालिका अध्यक्ष बद्री स्याङ्तानले भीमफेदी गाउँपालिकालाई बुझाएका हुन् । ज्ञापनपत्रमा स्थानीय जनताको समस्या समाधानतर्फ ध्यान दिन र नीति तथा कार्यक्रम जनमुखी बनाउन आग्रह गरिएको छ । गाउँ परिषद् नजिकिँदै जाँदा नीति तथा कार्यक्रम निर्माणका क्रममा निर्वाचित जनप्रतिनिधि र पालिका कर्मचार ीबीच मात्र बन्द कोठामा छलफल गरी ताली बजाएर पास गर्ने प्रथा स्वीकार्य नहुने स्पष्ट गरिएको छ ।

माओवादी केन्द्रले यस प्रक्रियालाई लोकतान्त्रिक अभ्यासविपरीत भन्दै आपत्ति जनाएको छ । ज्ञापनमार्फत् गाउँ कार्यपालिकाको आन्तरिक छलफलमार्फत् मात्र योजना निर्माण गर्नुको सट्टा, जनप्रतिनिधि, दलहरु, नागरिक समाज, सरोकारवालाको सहभागिता सुनिश्चित गरिनुपर्ने माग गरिएको छ । माओवादी केन्द्रले बजेट निर्माण प्रक्रिया पारदर्शी, समावेशी र जनमुखी बनाइनुपर्ने माग गर्दै गाउँपालिकालाई सचेत गरएको हो ।


## डेंगु रोगको लक्षण तथा बच्ने उपायहरुका सम्बन्धमा जनहितका लागि जारी सूचना:

डेंगु रोगको मुख्य लक्षण भनेको एक्कासी उच्च ज्वरो आउनु । यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ । ज्वरोका साथै निम्न लक्षणहरू पनि देखा पर्न सक्छ ।

**अन्य लक्षणहरू:**

- आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने,
- हाडजोर्नी तथा मांसपेसीहरू दुख्ने,
- वाकवाकी लाग्ने ,
- पेट दुख्ने,
- शरीरमा विमिरा आउने ।



**बच्ने उपायहरू:**

- डेगुबाट बच्न लामखुट्टेको टोकाई बाट बच्नको साथै लामखुट्टेको वृद्धि रोक्नु पर्दछ,
- पानी जम्न सक्ने भाडा जस्तै गमला, फुलदानी, खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरु ,गाडीमा काम नलाग्ने टायरहरू आदिमा पानी जम्न नदिने ,
- पानीका ट्याङ्कीलाई लामखुट्टे प्रवेश गर्न नसक्ने गरी राम्रोसंग ढकनले छोपेर राख्ने,
- कुलरमा रहेको पानीमा प्रत्येक हप्ता एक र दुई चम्चा मट्टितेल हाली दिने साथै जम्मा भएको पानी फाली सफा पानी राख्ने,
- फुलदानीमा भएको पानी हप्तामा दुई पटक सफा गर्ने,
- लामखुट्टेले दिउँसो तथा साँझ टोक्ने भएको हुदाँ दिउँसो तथा साँझ बस्दा बाहुला भएको वा शरीर ढाक्ने लुगा लगाउने ,
- दिउसो वा राती सुत्दा झुलभित्र सुत्ने साथै साना केटाकेटीहरुलाई झुलभित्र सुताउने,
- घर वरिपरि सफा सुग्घर राख्ने, झारपात सफा गर्ने तथा पानी जम्ने खाल्टाखुट्टी पुर्ने ,
- घरबाट अन्यत्र बास बस्ने गरी खास गरी डेंगु प्रभावित क्षेत्रमा जादा विशेष सवधानी अपनाउने ,

हेटौंडा उपमहानगरपालिका
११ नं. वडा कार्यालय
नवलपुर, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना